नेपाल सरकार

# ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय

सिहदरबार ,काठमान्डौ

## बैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको कार्यकारी निर्देशकको

# पदपूर्ति सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०७९/११/१४)

बैकल्पिक ऊर्जा विकास समिति गठन आदेश, २०५३ को दफा ७ बमोजिम **बैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको कार्यकारी निर्देशकको** पदमा खुला प्रतिस्पर्धात्मक प्रतियोगिताद्वारा नियुक्ति गरिने भएकोले सोको लागि सिफारिस गर्ने प्रयोजनार्थ देहायको न्यूनतम शैक्षिक योग्यता र अनुभव प्राप्त गरेका इच्छुक नेपाली नागरिकहरुबाट यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले पन्ध्र दिनभित्र यस मन्त्रालयको प्रशासन महाशाखामा आवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

१ **न्युनत्तम शैक्षिक योग्यता र अनुभवः**

क) मान्यता प्राप्त शिक्षण संस्थाबाट अर्थशास्त्र, व्यवस्थापन, इन्जिनियरिङ्ग वा ऊर्जा सम्बन्धी विषयमा स्नातकोत्तर उपाधि सहित बैकल्पिक ऊर्जाको क्षेत्रमा कम्तीमा १० बर्ष काम गरेको अनुभव प्राप्त गरेको।

२ **पेश गर्नुपर्ने कागजात तथा विवरणहरुः**

क) शैक्षिक योग्यता, कार्य अनुभव, तालिम तथा सम्पर्क ठेगाना सहितको उम्मेद्‌वारको हस्ताक्षर भएको विस्तृत वैयत्तिक विवरण (Bio-Data)

ख) नोटरी पब्लिकबाट प्रमाणित नेपाली नागरिकता, शैक्षिक योग्यता र कार्य अनुभवको प्रमाणपत्रका प्रतिलिपिहरु।

ग) नेपालमा बैकल्पिक ऊर्जा प्रबर्द्धनको वर्तमान अवस्था, सम्भाव्यता, चुनौति एवं रणनीति लगायतका बिषय सहितको ४ बर्षे व्यवसायिक कार्ययोजनाको प्रस्ताव ।(Times New Roman, Font Size 12 वा नेपाली युनिकोड, फन्ट साइज ११, दुईहजार शब्दमा नबढाई, थप विस्तृत विवरण सलग्न गर्नु पर्ने भएमा अनुसूचीमा राख्न सकिने)

घ) हाल कुनै संस्थामा कार्यरत रहेको भए सम्बन्धित संस्थाको सहमति ।

ङ) निर्धारित ढाँचा बमोजिमको स्वघोषणा ।

३ यस सम्बन्धमा अन्य थप जानकारीका लागि सिंहदरबार स्थित ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालयको प्रशासन महाशाखा (फोन नं. ०१ ४२११५३१) वा मन्त्रालयको बेवासाइट www.moewri.gov.np अथवा बैकल्पिक ऊर्जा प्रबर्द्धन केन्द्रको बेवसाइट www.aepc.gov.np बाट प्राप्त गर्न सकिनेछ ।